# आ.व. ०७९/८० मा मन्थली नगरपालिकाले हालसम्म गरेका मुख्य कार्यहरु

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

## शिक्षा, युवा तथा खेलकूद शाखा

१. १२ वटा वडामा शिक्षाविद्‌को सहयोगमा शैक्षिक सरोकारवालाहरुसँग अन्तर्क्रिया गरि गुणस्तरीय शिक्षामा टेवा पुगेको

२. नगरको आन्तरिक स्रोतबाट ८ वटा माध्यामिक विद्यालयमा थप प्राविधिको व्यवस्था र ८ वटा आधारभूत विद्यालय ICT को व्यवस्था गरिएको

३. ५ दिने बाल विकासका सहजकर्ताहरुलाई सेतो गुँरासका सहजकर्ताहरुबाट बाल मनोविज्ञानमा आधारित शैक्षिक सामाग्री निर्माण कार्यशाला सञ्चालन गरी बालकेन्द्रित शिक्षणमा जोड दिईएको

४. २२ वटा माध्यामिक विद्यालयमा जुनियर रेडक्रस सर्कल स्थापना र सञ्चालन भएको

५. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र नगर कम भलिवल प्रतियोगिता सञ्चालन भएको

६. माध्यमिक तहका बालबालिकाको अन्तरनिहित क्षमता प्रस्फुटनका लागि विज्ञान सामाग्री प्रदर्शनी र हाजिरी जवाफ प्रतियोगिता संचालन गरिएको

७. शैक्षिक सत्र २०८० को शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यान्वयनमा ल्याईएको ।

८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्विका लागि दुई दिने अन्तर्क्रिया मार्फत ३१ बुँदे साझा प्रतिवद्वता जारी गरी कार्यान्वयनमा ल्याईएको

९. रोष्टर विज्ञ (अङ्ग्रेजी, गणित र विज्ञान) को सहयोगमा ३ वटा माध्यामिक विद्यालयमा अनुगमन, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान

## स्वास्थ्य शाखा

१. मन्थली अस्पतालमा आँखा, दन्त र फिजियोथेरापी सेवाको शुरुवात

२. दीर्घरोगीहरुलाई (क्यान्सर, डाइलाइसिस गरि रहेका, मिर्गौला प्रत्यारोपण गरेका र मेरुदण्ड पक्षघात) साउन देखि मंसिर सम्म मासिक रु ५०००/- का दरले जम्मा रु. १३६००००/- रकम उपलब्ध गराईएको

३. वृहत पोषण प्याकेजको स्वास्थ्यकर्मी / महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्षमता अभिवृद्वि तालिम संचालन गरिएको

४. मन्थली नगरपालिका, जर्मन नेपाल सहयोग संघ र विकासका लागि एकता विच विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिएको

५. मन्थली अस्पतालको लागि अल्ट्रासाउन्ड, ILR Refrigerator र ल्याव सामाग्री खरिद गरि स्वास्थ्य सेवालाई सुद्दढ गरिएको

## पूर्वाधार विकास शाखा

१. सडक पूर्वाधार तर्फ सावाँडाँडा-पशुपति-सिक्राल-साउनेपानी सडक, देविटार-फुलासी (पोखरीडाँडा) सडक, भुत्याखोला-कठजोर सडक, ठूलीमदौ-अर्चले-डाँडागाउँ सडकहरुको कालोपत्रे गर्ने कार्य प्रदेश समपूरक तथा नगर बजेटबाट अगाडी बढाइएको
२. वडा कार्यालय भवन निर्माण तर्फ वडा नं १ को तला थप वडा नं ३, ७, ११ र १३ को कार्यालय भवन निर्माण कार्य शुरुवात गरिएको
३. वडा नं ६ को नवुघाट लिफ्ट सिँचाई योजना आ.व. २०७७/०७८ मा सुरु भइ तीन आ.व. मा कूल ७५ लाख को लागतमा निर्माण भै संचालन गरिएको
४. मन्थली-चनखु-पोखरीडाँडा सडकको महादेवटार खोला तथा मन्थली-गेलु सड्डकको बफरखोलामा ह्यूम पाइप कल्भर्ट निर्माण गरिएको
५. १४ वटै वडामा एक वडा एक प्रतिक्षालय निर्माण र नगरको ४ स्थानमा हेलिप्याड निर्माण गरिएको
६. भूमिगत सिँचाई कार्यक्रम अन्तर्गत प्रदेश सरकार समेतको साझेदारीमा वडा नं १, २ मा गरि १३ वटा स्यालो ट्यूवेल सिँचाई संचालनमा आएको
७. विद्युत प्रधिकरणको सहयोगमा मन्थली बजारमा सडक बत्ती व्यवस्थापन गरिएको
८. थानापति महादेव मन्दिर परिषरमा स्नान घर सहितको शौचालय निर्माण गरिएको
९. धार्मिक पर्यटन प्रवर्धनका लागि नगरको DPR कार्य अगाडी बढाइएको

## कृषि विकास उपशाखा

१. वडा नं ४ मा सुन्तलाजात फलफूल, वडा नं ५ मा मसलावाली र वडा नं १ मा तरकारी पकेटका कार्यक्रमहरु संचालन गरिएको
२. रामेछाप बहु प्राविधिक शिक्षालयमा डिप्लोमा तहमा कृषि संकायमा नगरभित्रका १२ जना छात्र/छात्राहरुलाई अध्यापन छनौट गरि छात्रवृत्तिको व्यवस्था गरिएको
३. वडा नं ४, १३ र १४ का कृषकहरुलाई विषादी खरिदमा किसानको २५ प्रतिशत लागत सहभागिता हुने गरि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ, रामेछाप (जुनार जोन) सँग सहकार्यमा विषादी वितरण गरिएको
४. कृषि विषय (Isc. Ag.) तेस्रो वर्ष अध्ययनरत प्रशिक्षार्थीहरुलाई कृषि प्राविधिकहरु नरहेको वडाहरुमा परिचालन गर्न र पकेट कार्यक्रममा प्राविधिक सेवा प्रवाह गरिको
५. कृषि तथा पशु सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई १ दिने अभिमुखीकरण गरि घरधुरी सर्वेक्षण मार्फत तथ्याङ्क संकलन गर्ने कार्य अन्तिम चरणमा पुगेको

## पशुसेवा शाखा

१. डिस्पेन्सरी कक्ष संचालन तथा पशु सेवा केन्द्रहरुका लागि औषधि व्यवस्थापन गरिएको
२. पशुहरुमा देखा परेको लम्पी महामारी नियन्त्रणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरि नियन्त्रणको लागि प्रयास गरिएको

## कानून शाखा

१. ऐन १, कार्यविधि १०, निर्देशिका १ र नीति १ गरि १३ वटा ऐन कानून निर्माण गरि कार्यान्वयनमा ल्याइएको
२. न्यायिक समितिले ४१ वटा उजुरीमा २५ वटा उजुरी फछ्यौंट भएको
३. मेलमिलाप केन्द्रहरु १४ वटै वडामा अनुगमन र अन्तर्क्रिया गरी व्यवस्थित गरिएको

## रोजगार सेवा केन्द्र

१. बेरोजगार व्यक्तिहरुको सूचीकरण कार्यः ८८८ जना सूचीकृत (पुरुष-५१७ र महिला-३७१) गरिएको
२. २०८० वैशाख१ गते बाट सुरु भएको वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति कार्य नगरपालिकाबाट सुचारु गरिएको
३. वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त सहयोगमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनःएकीकरण कार्यक्रम अन्तर्गत ३० दिने प्लम्बिङ सम्बन्धी तालिम सञ्चालन गरिएको

## लघु उद्यम उप शाखा

१. वडा नं ३, १२ र १४ मा उद्यमशिलता विकास तालिम संचालन गरिएको
२. वडा नं ३ मा बाँसको हस्तकला, वडा नं १२ र १ मा हाते होजियारी, वडा नं १४ मा चिया प्रशोधन तथा तरकारी, फलफुल, वडा नं १, ३ र ९ मा व्यूटीपार्लर, वडा नं १ मा बाटेको धुप सम्बन्धी तालिम संचालन गरिएको
३. वडा नं २, ४, ५ र ९ का लघुउद्यमीहरुलाई प्रविधि हस्तान्तरण गरिएको

## महिला विकास शाखा

१. मन्थली कोपिला बाल पत्रिका त्रमासिक छपाई गरिएको

२. दलित समुदायलाई सशक्तिकरण गर्ने संस्थासँग साझेदारीमा गरिने दलित उथ्थान कार्यक्रम अन्तर्गत जुत्ता बनाउने र उद्यम विकास सहजकर्ता तालिम संचालन गरिएको

३. अल्पसंख्यक, सीमान्तकृत, जनजाति समुदायको सामाजिक आर्थिक उत्थान कार्यक्रम अन्तर्गत कम्प्यूटर तालिम संचालन गरिएको

४. १४ वटै वडामा बालमैत्री स्थानीय शासन वडा समिति गठन भई बालमैत्री वडा निर्माणका लागि कार्य प्रारम्भ भएको

५. स्थानीय बालमैत्री शासन युक्त नगरपालिका घोषणा १२ औं नगरसभाबाट ०८१ जेष्ठ मसान्तभित्र गरि सक्ने प्रतिवद्वता मुताविक कार्यहरु भईरहेको

## सामान्य प्रशासन शाखा

१. मन्थली नगरपालिका वडा नं ४ सालुबजार र वडा नं १२ भुमेथान गैरामा गरि २ पटक सार्वजनिक सुनुवाई र घुम्ती शिविर सञ्चालन गरिएको

२. जनप्रतिनिधिको क्षमता विकास तालिम अन्तर्गत २ जना वडा अध्यक्षलाई ५ दिनको क्षमता विकास तालिममा सहभागी गराईएको

३. वडा कार्यालयहरु, सामुदायिक स्वास्थ्य संस्थाहरु, सामुदायिक विद्यालयहरुमा अप्टिकल फाइवर विस्तार एवं जडान कार्य भइरहेको